# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १५ जेठ २०८१

# मङ्गलवार

# बैठक सङ्ख्या- ९

राष्ट्रिय सभाको आजको बैठक सम्मानीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १८:५९ बजे प्रारम्भ भयो।

(१९:०० बजे)सम्माननीय अध्यक्ष :- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, अब म माननीय वर्षमान पुनलाई आगामी आर्थिक वर्ष २०८१।०८२ को राजस्व र व्ययको वार्षिक अनुमानको प्रति सभा समक्ष टेवुल गर्न समय उपलब्ध गराउँछु।

(१९:०० बजे)माननीय अर्थमन्त्री(वर्षमान पुन) :-सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले आर्थिक वर्ष २०८१।०८२ को आय र व्ययको वार्षिक अनुमानको प्रति यस सम्मानित सभासमक्ष टेवुल गर्दछु। धन्यवाद।

(१९:०० बजे)सम्माननीय अध्यक्षः-माननीय सदस्यहरू, अगामी आर्थिक वर्ष २०८१।०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गर्न मिति २०८१ जेठ २०, २१ र २२ गतेका दिनहरू तोकेको छु र माननीय अर्थमन्त्रीबाट जवाफका लागि मिति २०८१ जेठ २२ गतेका दिन निर्धारण गरिएको व्यहोरा जानकारी गराउछु।

माननीय सदस्यहरू, छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको नाम दलीय प्रतिनिधित्वको आधारमा प्रत्येक दिनको लागि एक दिन अगावै कार्य व्यवस्था शाखा राष्ट्रिय सभामा उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल जेठ २० गते आइतवार अपराह्न १३:१५ मिनेटमा वस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल जेठ २० गते आइतबार अपराह्न १३ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ) ।

स्थगितः- १९:०१ बजे ।